

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २९ गते शुक्रबार ❑ 15 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## अध्यक्षले पार्टी जता लानुहुन्छ म पनि उतै जान्छु: सांसद मनाङ्गे

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

गण्डकी प्रदेश सभा सदस्य (सांसद) एवं नेकपा एकीकृत समाजवादीका केन्द्रीय परिषद सदस्य राजिव गुरुङ (दीपक मनाङ्गे) ले पार्टी अध्यक्ष माधव नेपालले पार्टी जता लगै आफु पनि उतै जाने बताउनु भएको छ ।

बिहीबार पोखरामा समाजवादी प्रेस संगठन कास्कीले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले पार्टी अध्यक्ष नेपालको निकै प्रशंसा गर्दै उहाँले आफ्नो पार्टी जता लगे पनि आफु उतै जाने बताउनु भएको हो । अध्यक्ष नेपाल स्वच्छ छपव भएको कारण आँफू एकीकृत



समाजवादी प्रवेश गरेको बताउदै सांसद गुरुङले माधव नेपाल एक डाइनामिक नेता भएको प्रशंसा गर्नु भयो ।

सांसद गुरुङले भन्नुभयो "एउटा अध्यक्षमा भिजन हुनुपर्छ, नेता डाइनामिक हुनुपर्छ त्यो हाम्रो पार्टी अध्यक्ष माधव कुमार नेपालसंग छ, म पनि जस्तो पायो उत्सै नेताको पछि कहाँ लाग्छु, उहाँलाई नै हेरेर यो पार्टीमा आएको हुँ, उहाँले नै पार्टी छोड्नुभयो भने मैले पनि छोड्छु हाम्रो सानो पार्टी भएकोले अब पार्टी नै माओवादी/एमाले वा अरु पार्टीसंग एकता गर्यो भने म पनि त्यतै जान अवस्य जान्छु ।" आफुले मात्र चाहेर प्रदेशमा मन्त्री नहुने दाबी गर्दै उहाँले केन्द्रमा तीनवटा पार्टीका अध्यक्षले भनेपछि यहाँ मुख्यमन्त्रीले कार्यान्वयन गर्नुपर्ने सांसद गुरुङको भनाइ छ ।

आफ्नो अध्यक्षले यहाँको मुख्यमन्त्रीलाई फोन गर्ने नभई प्रचण्ड र शेरबहादुर लाई भन्नु पर्ने सबै सेटिङ केन्द्रबाटै हुने उहाँको दाबी थियो । आफूलाई मन्त्री बन्न कुनै इच्छा नभएको बताउदै सांसद गुरुङले गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कार्यक्रमको उद्घाटन र शिलन्यास गर्न व्यस्तता रहेको टिप्पणी गर्नु भयो ।

## पूर्वमन्त्री खाणलाई धरौटीमा थुनामुक्त गर्न आदेश

**रासस**
काठमाडौं, २८ मंसिर

उच्च अदालत पाटनले नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वमन्त्री बालकृष्ण खाणलाई रु ३० लाख धरौटीमा थुनामुक्त गर्न आदेश गरेको छ ।

न्यायाधीश कृष्णराम कोइरालाको इजलासले आज खाणलाई रु ३० लाख धरौटीमा थुनामुक्त गर्न आदेश दिएको हो । आदेशमा भनिएको छ, "बालकृष्ण खाणबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम काठमाडौँ जिल्ला अदालतबाट २०८०/८/१ मा थुनामा राखी पुर्पक्ष गर्ने गरी भएको आदेशलाई बेरितको देखिँदा बदर गरी रु तीस लाख धरौटी, जमानत वा बैंक जमानत दिई/लिई तारेखमा राखी



मुद्दाको पुर्पक्ष गर्ने गरी मिति २०८०/०८/१५ मा भएको रायमा सहमतिको राय कायम गरिदिएको छ ।"न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको संयुक्त इजलासमा यही मङ्सिर १५ गते उक्त विवादमा राय बाझी आदेश भएको थियो । आदेशमा खाणको हकमा तेस्रो न्यायाधीशसमक्ष पेस गर्न भनिएको थियो । सोहीअनुसार आज सुनुवाइ भएर अदालतबाट सो निर्णय भएको हो ।

अदालतले उक्त विवादमा नौ जना प्रतिवादीको हकमा थुनामा पठाउने काठमाडौँ जिल्ला अदालतको आदेशलाई सदर गरेको थियो भने छ जना प्रतिवादीको हकमा थुनामै राख्ने काठमाडौँ जिल्ला अदालतको आदेश बदर गरी धरौटी माग गर्ने आदेश दिएको थियो ।

## ४ दिनदेखि वेपत्ता युवाको शव सेतीनदीमा भेटायो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

पोखरामा ४ दिन देखि वेपत्ता भएका युवाको शव सेतीनदीमा भेटिएको छ ।

पोखराको सेतीनदीमा पानीको बाहावले वेपत्ता भएका एक युवाको शव भेटिएको छ । पोखराको मणिपाल शिक्षण अस्पतालको इमर्जेन्सी वार्डमा उपचारकै क्रममा वेपत्ता भएका पोखराका १९ बर्षका संगम मिश्रको सेतीनदीमा आज शव भेटिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

सेतीनदीमा पानीको बाहाव बढायर खोजतलास गर्ने क्रममा विहिबार दिउँसो ३:३० बजेको समयमा पोखरा ३ नदिपुर स्थित सेती नदीको बिचमा ढुङ्गामा अड्किएको अवस्थामा मिश्रको शव फेला पारिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी श्रवण कुमार बि.क.ले बताए ।

उक्त शव त्यहाबाट निकालेर पोष्टमार्टमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान(पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) पोखरा मा लगिएको उनले जनाए । स्थायी घर तनहुँ भई हाल पोखरा १६ को लामाचौरमा बस्दै आएका मिश्र यही मंसिर २५ गते साँझ ६:२९ बजे मणिपालको इमर्जेन्सि वार्डमा स्वर सहितको अन्य उपचार गर्न लगिएकोमा सोही दिन देखि वेपत्ता भएका थिए । संगम मिश्र ज्वरो सम्बन्धी बिरामी भई उपचारको लागि मणिपाल शिक्षण अस्पतालको ईमर्जेन्सी वार्डमा आएकोमा चेकअपको क्रममा उनका बुवा हरि प्रसाद मिश्र औषधी लिन गएको अबस्थामा छोरा संगम मिश्र अस्पतालबाट वेपत्ता भएका थिए । वडा प्रहरी कार्यालय बगरको एक टोलीले मिश्रको खोजतलास गर्ने क्रममा मणिपाल अस्पतालबाट नदिपुर तर्फ आउने झोलुङ्गे पुलको बिचमा मिश्रले लगाएको कपडा र परिचय पत्र समेत फेला परेको थियो । सेतीनदीको माथि रहेको उक्त पुल क्षेत्र परिपरी केही दिन देखि खोजतलास गर्दा समेन नभेटिएकोले विहिबार उक्त सेतीनदीमा पानीको बाहक बढाएर खोज्दा उनको शव भेटिएको प्रहरीले जनाएको छ ।

विहिबार दिउँसो मध्यान्हः१२:०० बजे देखी दिउसो ४:०० बजेसम्म पोखरा १६ दिप स्थित रहेको ड्याम खोली खोजतलास समेत गरी दिनुहुन मिश्र परिवारबाट आएको अनुरोधका कारण विहिबार सेतीनदीको पानीको बाहब बढायर खोजिएको थियो ।

उक्त समयमा सेति नदीमा पानीको वाहफ बढ्न सक्ने हुँदा उक्त समयमा नदी वरीपरी काम गर्ने तथा आवतजावत गर्ने मानिसहरु चनाखो भई कार्य गर्नु हुन, नदिको किनारमा नजानु हुन र सुरक्षा सतर्कता अपनाउनु हुन सबैको लागि प्रहरीले पूर्व सुचित गराएको थियो ।

## पर्यटकीय राजधानी घोषणा गर्न पूर्वाधार पहिचान गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सम्बन्धमा गठित अध्ययन समितिको बैठकले आवश्यक पूर्वाधार पहिचान गर्ने निर्णय गरेको छ ।

समितिका अध्यक्ष एवम् गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द देवकोटाको अध्यक्षतामा बसेको समितिको पहिलो बैठकले राजधानी घोषणाका लागि आवश्यक पूर्वाधार पहिचान गर्ने निर्णय गरेको हो । बैठकले पूर्वाधार पहिचानसँगै पर्यटकीय राजधानीको रुपमा विकास गर्न सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्बन गर्नुपर्ने विषयको पनि पहिचान गर्ने निर्णय गरेको समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार राजधानी घोषणाका लागि आवश्यक मापदण्डहरुको पहिचान, घोषणा प्रक्रियाको तयारी, सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नेलगायत निर्णय गरेको छ । समितिले पूर्वाधार पहिचानका सन्दर्भमा गरेको अध्ययन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा पेस गर्ने गरी समितिको कार्यक्षेत्र तोकिएको पौडेलले बताउनुभयो । समितिका सदस्यहरुले पर्यटकीय राजधानी घोषणाका सम्बन्धमा आ-आफ्ना तर्फबाट मस्यौदा तयार गरी अर्को बैठकमा पेस गर्ने निर्णय समेत गरेको उहाँले जानकारी दिनुभयो ।






## जनताले अनुभव गर्नेगरी काम गर्न प्रधानमन्त्रीको निर्देशन

**रासस**
काठमाडौं, २८ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताले महसुस गर्नेगरी स्पष्ट नीति तथा कार्यक्रमसहित परिणाममुखी कार्ययोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्का सदस्य एवं विशिष्ट श्रेणीका कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा बिहीबार आयोजित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चौमासिक समीक्षा बैठकमा प्रधानमन्त्री दाहालले जनताले अनुभूत गर्नेगरी काम गर्न निर्देशन दिनुभएको हो । आव २०७९/८० को प्रथम चौमासिकको तुलनामा चालु आवको सोही अवधिमा देशको समग्र अर्थतन्त्र विकास निर्माणसँग सम्बन्धित सूचकहरू सकारात्मक देखिए पनि सन्तोष गर्ने ठाउँ नभएको उल्लेख गर्दै उहाँले एकअर्काका कमी-कमजोरी


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पुषको अन्तिम साता माछापुच्छ्रे गाउँपालिका अध्यक्षकप भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

आउदो पुषको अन्तिम साता कास्कीमा दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्षकप गण्डकी प्रदेश स्तरीय अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता हुने भएको छ।



कास्कीको माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा उक्त प्रतियोगिता पुष २६ देखि २८ गतेसम्म हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । प्रतियोगितामा प्रदेशका कम्तिमा पनि २५ वटा पालिकाको सहभागिता हुने भएको गाउँपालिकाकी उपाध्यक्ष सीता अधिकारीले बताउनु भयो । माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ३ घाचोकमा संचालन हुने प्रतियोगिताको पुरस्कार राषिमा यस बर्ष बृद्धि गरिएको छ। गत बर्षको तुलनामा विजेतालाई यस बर्ष एक लाख थप गरी ३ लाख नगद पुरस्कार प्रदान गनिरे भएको हो। प्रतियोगिताको उपविजेतालाई भने २ लाख र सेमीफाइनलमा प्रबेश गरेका बाँकी दुई टिमलाई जनही ५०/५० हजार रुपैयाँ, ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने भएको भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार त्यसै गरी विभिन्न विधागत तर्फ उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर र प्रशिक्षकलाई जनही ५ हजारका दरले पुरस्कार प्रदान गर्ने भएको सामाजिक विकास समितिका संयोजक एवं माछापुच्छ्रे ९ का वडाध्यक्ष हरी बहादुर क्षत्रीले बताउनु भयो । प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख ८३ हजार रुपैयाँ खर्च हुने आयोजकले दाबी गरेको छ। भलिबल खेलको अतिरिक्त साँस्कृतिक एवं मनोरञ्जनात्मक कार्यक्रम समेत प्रस्तुतः हुने भएको प्रमुख प्रशासकिय अधिकृत गोपीकृष्ण अर्यालले बताउनु भयो।

प्रतियोगिता माछापुच्छे गाउँपालिका कार्यालयको मुख्य सहयोग र वडा नम्बर ३ कार्यालयको समन्वय तथा माछापुच्छे गाउँपालिका भलिवल संघको व्यवस्थापनमा सञ्चालन हुने भएको उहाँले जनाउनु भयो । प्रतियोगितामा दर्ता शुल्क भने ५ हजार लाग्ने भएको छ। पर्यटकीय गाँउको उक्त खेलले खेल पर्यटनमा प्रबर्द्धन गर्ने माछापुच्छ्रे ८ का वडाध्यक्ष राम गुरुङ्गले बताउनु भयो।

# सेरेसको थ्रि एस सुविधासहितको शोरुम पोखराको नागढुंगामा

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

विद्युतीय सवारी साधनको क्षेत्रमा नेपालकै शीर्षस्थ ब्रान्ड बन्ने उद्देश्यका साथ पोखराको नागढुंगामा सेरेसले आफ्नो तेस्रो अत्याधुनिक शोरुमको उद्घाटन गर्दै आफ्नो सञ्जाललाई बलियो बनाएको छ।

कम्पनीले पोखरामा थ्रि एस (सेल्स, सर्भिस र स्पेयर पार्टस्) शोरुम स्थापना गरेको हो । नेपालमा सेरेस ईभीहरुको आधिकारिक वितरक एमएडब्लू वृद्धि अटो कर्पले पोखरामा डिलरशिपका लागि थापा मोटर्स प्रालिसँग साझेदारी गरेको हो।

शोरुमले ब्रान्डको पहुँचलाई थप वृद्धि गर्ने तथा उत्साही र सम्भावित ग्राहकहरूलाई सेरेस ईभीको अन्वेषण गर्ने हबको रूपमा काम गर्नेछ । अग्रज उद्यमीहरू लगायत अन्य महत्वपूर्ण व्यक्तित्वहरूको उपस्थिति रहेको उद्घाटन समारोहमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापती, पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसनका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ, एम.ए.डब्लु ग्रुपका चिफ अपरेटिङ अफिसर केशव चन्द्र सेनले शोरुमको उद्घाटन गरेका छन् । उक्त अवसरमा आ-आफ्नो धारणा राख्दै सेरेसको उपस्थितिसँगै पोखरामा विद्युतीय गाडीको माग बढ्ने र सेरेस लोकप्रिय हुने विश्वास व्यक्त गरे । शोरुम उद्घाटनको अवसरमा २ जना ग्राहकलाई थापा मोटर्सले सेरेस इभी हस्तान्तरण गरेको छ। सेरेस थ्रि र मिनी इभी हस्तान्तरण गरिएको हो। सेरेसले सन् २०२३ मा विश्वको सबैभन्दा द्रुत विकास हुँदै गरेको अटोमोबाइल ब्रान्डहरूमध्ये एकको रूपमा मान्यता प्राप्त गरेको छ। जसले विद्युतीय सवारी साधनहरूमा गुणस्तर र नवीनताप्रति आफ्नो प्रतिबद्धता देखाएको छ । हुवाएसँगको साझेदारीले उन्नत विद्युतीय सवारी प्रविधिप्रतिको सेरेसको समर्पणलाई अझै प्रगाढ बनाएको छ।




सेरेसलाई ब्रान्ड फाइनान्स अटोमोटिभ उद्योगले २०२३ मा विश्वको सबैभन्दा छिटो बढ्दै गरेको अटोमोबाइल ब्रान्डको रूपमा मान्यता दिएको छ।

सेरेस युरोप प्रवेश गर्ने पहिलो चिनियाँ अटोमेकर हो र यो २१ युरोपेली राष्ट्रहरूसहित विश्वका करिब ७० देशहरूमा अवस्थित छ जसमा नेपाल ७१औं गौरवशाली स्थान बनेको छ। सेरेस हुवाएको निर्माण साझेदार हो र यसले सन २०२६ सम्ममा १० लाख ईभी उत्पादन गर्ने लक्ष्य राखेको छ । संयुक्त राज्य अमेरिकाको सिलिकन भ्यालीको मुटुमा स्थापित सेरेसले चीन, जापान र अमेरिकामा अवस्थित तीनवटा आर एन्ड डी केन्द्रहरूसँग अनुसन्धान र विकासको लागि आफ्नो प्रतिबद्धता प्रदर्शन गर्दछ। नेपालमा सेरेसले सेरेस ३ र सेरेस मिनी ईभी गरी दुईवटा मोडलहरू उपलब्ध गराउँछ।

# व्यापार मेला जारी

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजित राष्ट्रिय औद्योगिक व्यापार मेला ८८ हजार जनाले अवलोकन गरेको र करिब ६ करोड १५ लाखभन्दा बढीको कारोबार भएको आयोजकको दाबी छ।

आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले मंसिर २१ गते समुद्घाटन भएको मेलामा महिलाहरु सहभागिता बढी भएको पनि बताए । 'समुद्घाटनकै दिन पोखराका हजारौं महिलाहरुले प्रभाफेरीसहित मेलामा सहभागिता जनाउनुभयो,दैनिक रुपले हुने महिला सहभागिता लोभलाग्दो छ,'उनले भने,'शुक्रबार र शनिबार अवलोकनकर्ताको चाप बढ्ने हामीले विश्वास लिएका छौं ।' संघका महासचिव बलराम आचार्यले मेलाअन्तर्गतको सांस्कृतिक कार्यक्रममा पनि उल्लेख्य सहभागिता रहेको जिकिर गरे।

ख्यातिप्राप्त राष्ट्रिय कलाकारहरुको प्रस्तुतिलाई सहभागीले रुचाएको उनको भनाइ थियो। 'हुन त हाम्रो मुख्य उद्धेश्य उद्यमशीलता सिकाउनु नै हो, त्यो काम हामीले स्टलमार्फत् गरिहेका छौं, सहभागीहरुलाई थप मनोरञ्जन दिलाउने उपक्रममा सांगीतिक कार्यक्रम समावेश गरिएको हो । बिहीबार चर्चित लोकदोहोरी गायक राजु परियारसहितको प्रस्तुति रहेको र शुक्रबार सहिमा श्रेष्ठ,ॠतु कँडेल,अस्मिताडल्लाकोटी,घनश्याम लामिछाने,प्रिन्स लम्सालगायतका कलाकारहरुको प्रस्तुति रहने उनले बताए। संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाले मेलामा रहेका स्टलहरुबाट किनमेल पनि राम्रै भएको प्रतिक्रिया दिए। 'मेलामा बिक्रीमा राखिएका सामग्रीहरुमा विशेष छुट प्रदान गरिएको छ, अवलोकनका लागि आउनेहरु खालीहात जाने अवस्था छैन,'उनले भने। गाडी र स्कुटरलगायत ठूलो कारोबार पनि ठूलै भएको उनले बताए।

## जनताले ...

देखाउनुभन्दा पारस्परिक समन्वय र सहकार्यका आधारमा देश र जनताका पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "मेरो नेतृत्वमा गठन भएको सरकारको एकवर्षे कार्यकाल पूरा हुने चरणमा छ, यस अवधिमा अपेक्षा गरिएअनुसारका काम हुनसकेका छैनन्, अब चौमासिक नभई वार्षिक कार्यक्रम, कार्ययोजना र उपलब्धिलाई वस्तुनिष्ठ समीक्षा गर्दै यसबीचमा भएका कमजोरी र सबल पक्षलाई चिरफार गरी जनताले अनुभूत गर्नेगरी काम गर्न सबैसँग अपिल गर्दछु।"

गत साउनमा प्रतिबद्धता गरेअनुसारको परिणाम दिन केही मन्त्रालय असमर्थ भएकामा त्यसप्रति असन्तुष्टि जनाउँदै प्रधानमन्त्रीले निश्चित कार्यअवधिभित्र तोकिएको लक्ष्य पूरा नगर्नेलाई जिम्मेवारीबाट हटाउनुबाहेक आफूसँग अर्को विकल्प नरहेको चेतावनी दिनुभयो । उहाँले अर्को समीक्षा बैठकमा कार्ययोजनासहित प्रस्तुत हुन सबैलाई निर्देशन दिनुभयो। बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मौजुदा सार्वजनिक खरिद ऐन, पर्याप्त बजेट र जनशक्तिसहित आवश्यक समन्वय र सहकार्यको अभावलगायत विविध समस्याका कारण नीति तथा कार्यक्रम कार्यान्वयनमा समस्या आएको बताउनुभयो।

# हिमाली क्षेत्रमा मूल्य बढ्यो

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

हिमाली क्षेत्रमा मूल्यवृद्धिको चाप परेको पाइएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरणअनुसार उपभोक्ता मुद्रास्फीति हिमाली क्षेत्रमा आठ दशमलव ७९ प्रतिशत बराबर पुगेको छ।

केन्द्रीय बैंकका अनुसार कात्तिक महिनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ प्रतिशत बराबर छ । यस्तै तराईमा चार दशमलव ४२ प्रतिशत, पहाडमा छ दशमलव शून्य सात प्रतिशत र हिमालमा आठ दशमलव ७९ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा उक्त क्षेत्रमा यस्तो मुद्रास्फीति क्रमशः सात दशमलव ५६ प्रतिशत, आठ दशमलव ५२ प्रतिशत, आठ दशमदव शून्य तीन प्रतिशत र छ दशमलव ६८ प्रतिशत रहेको थियो । गैर-खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १२ दशमलव ८४ प्रतिशत, विविध वस्तु तथा सेवाको १० दशमलव ७६ प्रतिशत, शिक्षाको आठ दशमलव ९२ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरुको पाँच दशमलव २७ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको चार दशमलव ९६ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा यातायात उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक ८६ प्रतिशतले घटेको छ।

कात्तिकमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ३८ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति आठ दशमलव शून्य आठ प्रतिशत थियो।

# बाराही जंगल लजलाई मस्ट इन्स्पिरेसनल इको लज अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर


बाराही ग्रुप अर्न्तगत चितवनमा संचालन भएको चितवनको बाराही जंगल लज २०२३ को मस्ट इन्स्पिरेसनल इको लजु अवार्डबाट सम्मानित भएको छ।

बाराही जंगल लजलाई टफ्ट टाइगर वाइल्ड लाइफ अवार्डअन्तर्गत सो अवार्ड प्रदान गरिएको हो । टफ्ट टाइगरका संस्थापक जुलियन म्याथ्युज र विशाल सिंहले लजका जनरल म्यानेजर प्रकाश चन्दलाई सो अवार्ड प्रदान गर्नु भएको हो।

जोन वेकफिल्ड मेमोरियल अवार्ड सन् २०२३ मा 'मस्ट इन्स्पिरेसनल इको लज'को रुपमा रहेको चितवनको बाराही जंगल लजलाई प्रदान गरिएको बराह जंगल लज सम्मानपत्रमा उल्लेख गरिएको छ। टफ्ट टाइगर अवार्ड भारतमा सन् २०१० मा स्थापना गरिएको अवार्ड कार्यक्रम हो। पर्यटन क्षेत्रको दीगो विकासमा उल्लेखनीय योगदान पुर्याएबापत हरेक वर्ष यो अवार्ड विभिन्न मुलुकका पर्यटकीय क्षेत्रमा योगदान पुर्याउने कम्पनीलाई दिइन्छ। जसअन्तर्गत नेपालको बाराही जंगल लजले यो अवार्ड हात पारेको हो । बाराही जंगल लज टफ्ट टाइगरु अन्तर्गत इको सर्टिफाइड लज पनि हो । यस लज २०१५ देखि हालसम्म निरन्तर उच्च स्तरको (आउटस्ट्याण्डिङ प्राक्टिस) विधाअन्तर्गत सर्टिफाइड हुँदै आएको छ। हालै



आइएसओ(१४००१) बाट पनि अन्तर्राष्ट्रिय स्तरको इन्भाइरन्मेन्टल म्यानेजमेन्ट सिस्टम्स् (इएमएस) सहितको लजको रुपमा बाराही जंगल लज सर्टिफाइड समेत भएको छ। चितवन मेघौलीमा राप्ती नदि किनारमा रहेको बाराही जंगल लज जंगल थीममा बनाइएको छ। १२ हेक्टर भूभागमा विस्तार भएको लजमा बसेर राप्ती नदीका जलचर मात्र नभई चितवन राष्ट्रिय निकुञ्जमा मृग, गैंडा, हात्ती लगायतका पशुपन्छी रमाएको दृश्यावलोकन गर्न सकिन्छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# ठूला माछालाई उन्मुक्ति

गठबन्धन सरकारले भ्रष्टाचारमा ठूलो सफलता पाएको भनी प्रचार गरिएको नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व गृहमन्त्री बालकृष्ण खाँड रिहा हुने भएका छन । काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कांग्रेस नेता बालकृष्ण खाँण उच्च अदालतको आदेशमा रिहा हुने भएका छन् । बिहीबार उच्च अदालत पाटनका न्यायाधीश कृष्णराम कोइरालाले खाँणलाई ३० लाख रुपैंया धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएका छन् । यसअघि १५ मंसिरमा उच्च अदालतका न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको इजलासले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा रिहा गर्ने भन्ने विषयमा निर्णय दिन सकेको थिएन । खरेलले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने राय दिएका थिए भने न्यायाधीश पाण्डेले खाँणलाई ३० लाख रुपैयाँ धरौटीमा रिहा राय दिएका थिए । न्यायाधीशबीच राय बाझिएपछि उक्त मुद्दा उच्च अदालतकै तेस्रो न्यायाधीशको इजलासमा पठाइएको थियो । सोही मुद्दामा बिहीबार न्यायाधीश कोइरालाले पाण्डेको रायलाई समर्थन गरेपछि खाँण रिहा हुने भएका छन ।

बिहीबार न्यायाधीश कोइरालाले विभिन्न ६ वटा आधार देखाउँदै नक्कली भुटानी शरणार्थी प्रकरणमा खाँणको संलग्नताको अवस्था देखिएको भन्न नमिल्ने भन्दै धरौटीमा रिहा गर्ने आदेश दिएका छन । पहिलो आधार, बालकृष्ण खाँणले पक्राउ परेपछि सरकारी वकिलको रोहबरमा प्रहरी र अदालतमा बयान गर्दा आफूमाथिको आरोप पूर्ण रुपमा इन्कार गरेका छन् । खाँणमाथि गृह मन्त्रालयमा पेश भएको भुटानी शरणार्थी सम्बन्धी प्रतिवेदन फेरबदल गरेको आरोप थियो । गृह मन्त्रालयका कर्मचारीहरुले बयानमा प्रतिवेदन कसरी फेरबदल भयो भन्ने थाहा नभएको बताएका थिए । गृह मन्त्रालयका तत्कालिन सचिव टेकनारायण पाण्डेले प्रतिवेदनमाथि मन्त्रीबाट चासो नदिएको भन्ने बयानलाई न्यायाधीश कोइरालाले धरौटीमा छाड्ने दोस्रो आधार बनाएका छन् । जिल्ला अदालत काठमाडौंले नक्कली शरणार्थी प्रकरणमा मुछिएकाहरू केशव दुलाल र टेकनारायण पाण्डेबीचको ह्वाट्सएप संवादलाई पनि बालकृष्ण खाँणको संलग्नता देखिने आधार मानेको मान्दै थुनामा पठाउने आदेश गरेको थियो ।

उच्च अदालतका न्यायाधीश कोइरालाले उक्त संवादमा गिफ्ट भनेको रकम हो भन्ने पुष्टि नभएको तर्क गरेका छन् । त्यो रकम केशव दुलालबाट बालकृष्ण खाँणले लिएको भन्ने दाबीलाई केशव दुलालले नै इन्कार गरेको भनी धरौटीमा छुट्ने तेस्रो आधार बनाएका छन् । आदेशमा भनिएको छ, 'प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाँणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनि उल्लेख गरेको ।' केशव दलालले दोस्रो पटक प्रहरीसँग गरेको बयानमा टेकनारायण पाण्डेलाई एक करोड २५ लाख रुपैयाँ दिएको दावी गरेका थिए । तर पूर्वसभासद आङटावा शेर्पाले आरोप अस्वीकार गरेका थिए । यसलाई न्यायाधीश कोइरालाले खाँणको संलग्नता पुष्टि नहुने चौथो आधारका रुपमा उल्लेख गरेका छन् । आफू पक्राउ परेपछि तत्कालिन सचिव टेकनारायण पाण्डेले बालकृष्ण खाँणका स्वकीय सचिव नरेन्द्र केसीलाई सम्बोधन गरी चिट लेखेका थिए । त्यो चिटमा बालकृष्ण खाँणको नाम उल्लेख नभएको भनी न्यायाधीशले खाँणलाई धरौटीमा रिहा गर्ने पाँचौं आधारका रुपमा राखेका छन् ।

प्रहरीको हिरासतकक्षमा रहँदा तत्कालिन गृहसचिव टेकनारायण पाण्डेको साथबाट डायरी र कलम बरामद भएको नदेखिनु उनलाई धरौटीमा छाड्ने आदेशको छैठौ आधार बनेको छ । यी छ वटा आधारमा न्यायाधीश कोइरालाले नक्कली शरणार्थी प्रकरणमा बालकृष्ण खाँणलाई थुनामै राख्नुपर्ने आवश्यकता नभएको निष्कर्ष निकालेका हुन् । खाँडलाई छुटाउनका लागि किस्ताबन्दीमा यो फैसला आएको मान्न सकिन्छ। प्रतिवेदन फेरबदल गर्न सक्ने र निर्देशन दिन सक्नेलाई रिहा गरेर फोटो खिचेको, प्रहरीमा जवर्जस्ती बयान गराइएकालाई थुन्नु जगत हसाउने काम हो।सत्तारुढ दलको नेतालाई छोडेर प्रतिपक्षी र अह्राएकालाई थुन्नु प्रतिशोध मात्र हो । न्यायाधीश कोइरालाले यसअघि १५ मंसिरमा न्यायाधीश जनक पाण्डेले दिएको रायलाई नै पूरा समर्थन गरेका छन् र अन्तिममा 'मिसिल संलग्न प्रमाणवाट प्रत्यक्ष रूपमा कसूरमा संलग्न रहेको अवस्थाको अभाव देखिएको' भन्दै खाँण धरौटीमा रिहा हुने उल्लेख गरेका छन् । यसअघि न्यायाधीश पाण्डेले किन ३० लाख रुपैंया धरौटी माग्ने भन्नेबारे आधार र कारण खुलाएका थिएनन्, न्यायाधीश कोइरालाले पनि तयसको कारण खुलाएका छैनन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा १५ मंसिरमा उच्च अदालतले पूर्वमन्त्री टोपबहादुर रायमाझीसहित १६ जनालाई भने पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यस्तै भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहित ६ जनालाई धरौटीमा छाड्न आदेश दिएको थियो । सबैलाई मिलाएर रिहा गर्दै जाने प्रकृया हो । सरकारले सस्तो प्रचार गरेर देशमा लुटतन्त्रलाई मलजल गरेको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्याङ्जाको श्रवणका विद्यार्थीलाई न्यानो कपडा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ मंसिर

जिल्ला सदरमुकामस्थित पुतलीबजार नगरपालिका १४ को श्रवण माध्यमिक विद्यालय लामागेका पूर्व विद्यार्थीहरुको पहलमा विद्यालय केन्द्रित शैक्षिक गतिबिधीहरु संचालन गर्ने पवित्र उद्देश्यका साथ स्थापित पूर्व विद्यार्थी मञ्चले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ ।



विद्यालयमा अध्ययनरत १ सय २३ जना (सम्पूर्ण) विद्यार्थीहरुको लागि १ लाख २५ हजार रुपैयाँ बराबरका न्यानो कपडा (ट्र्याक सुट) वितरण गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रबिन के.सी. र प्रधानाध्यापक हिमलाल ढकाललाई न्यानो कपडा हस्तान्तरण गर्दै मञ्चका अध्यक्ष अमृत लामिछानेले विद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्य बनाउन पूर्व विद्यार्थी मञ्चले आगामी दिनहरुमा समेत सहकार्य गर्न तत्पर रहेको बताए । कार्यक्रममा बोल्दै पुतलीबजार नगरपालिका-१४, का वडाअध्यक्ष जितेन्द्रप्रकाश मल्लले पूर्व विद्यार्थी मञ्च विद्यालयको सारथी संस्थाको रुपमा रहेको र मञ्चका हरेक गतिबिधी आँफूले नजिकैबाट नियाली रहेको बताए । वडाध्यक्ष मल्लले स्थानीय सरकारका तर्फबाट आगामी आर्थिक वर्षभित्र विद्यालयलाई घेराबार सहितका भौतिक निर्माणमा जोड दिने सुनाए । उनले विद्यालयको शैक्षिक र भौतिक गतिविधी एकअर्काका परिपुरक रहेको समेत बताए । कार्यक्रममा पुतलीबजार-१४ का वडा सदस्य मुवारक मियाँ, पूर्व विद्यार्थी मञ्चका अध्यक्ष अमृत लामिछाने, विद्यालयका विद्यार्थी सुरेन्द्र जैसी, विद्यालयका पूर्व शिक्षिकाद्धय मिना पराजुली, शर्मिला दवाडी, लगायतले विद्यालयको उन्नति र प्रगतिमा साथ सहयोग रहने बताए । पूर्व विद्यार्थी मञ्चले विद्यालयमा आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा पूर्व विद्यार्थीहरुले गरेको सहयोग रकमलाई बचत गर्दै सदुपयोग गरी सृजनशील गतिबिधीहरु गरेकोमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रबिन के.सी.ले धन्यवाद समेत व्यक्त गरे । श्रवण माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रबिन के.सी.को अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रधानाध्यापक हिमलाल ढकालले स्वागत तथा सहायक प्रधानाध्यापक बेदप्रसाद पौडेलले संचालन गरेका थिए । उक्त कार्यक्रमकै अवसरमा विद्यालयबाट विभिन्न विद्यालयहरुमा सरुवा भई भएका शिक्षिकाहरु मिना पराजुली र शर्मिला दवाडीको बिदाई गरिएको थियो । स्मरण रहोस् २०७७ फागुनमा स्थापित पूर्व विद्यार्थी मञ्चले विद्यालय केन्द्रिय थुप्रै शैक्षिक तथा सामाजिक कार्यक्रमहरु गर्दै आएको छ ।

# लेखनाथ महोत्सवले मौलीक संस्कृतिको जगेंना गरेको छ-संयोजक बुद्धिमाया मगर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको १९ औं लेखनाथ महोत्सवको तयारी तीव्र पारिएको छ । महोत्सवको तयारी तिव्र भएसँगै यस क्षेत्रका विभिन्न आमा/महिला समुह, संघ संस्थाहरु र विभिन्न जातजाती एवं भाषा भाषीहरुले पनि प्रर्दशन गर्ने झाँकी र्‍यालीको तयारी गरिरहेका छन ।

हरेक वर्ष आयोजना हुने लेखनाथ महोत्सवमा उद्घाटनको दिन वृहत झाँकी र्‍याली निकालीने गरिन्छ । यसरी निकालीने झाँकी र्‍यालीले महोत्सवप्रती स्थानियको एकता कति मजबुद छ भन्ने देखाउने झाँकी र्‍याली व्यवस्थापन उप-समितिकी संयोजक एवं वडा नं.-२७ की वडा सदस्य बुद्धिमाया मगर बताउँछिन । "हरेक वर्ष लेखनाथ महोत्सवमा वृहत झाँकी र्‍याली निकालीन्छ, एक त यसले स्थानियको एकतालाई प्रतिबिम्बीत गर्छ भने अर्को कुरा विभिन्न जातजाती भाषा भाषीलाई एकैथलोमा उतारेर महोत्सवले मौलीक संस्कार र संस्कृतिको समेत जगेंना गर्ने गरेको छ"-संयोजक मगरले भनिन । लेखनाथ महोत्सवमा जस्तो वृहत झाँकी अरु कुनै मेला महोत्सवमा देख्न, हेर्न नपाईने उनको दावी छ । झाँकी र्‍यालीमा आ-आफ्नो भेष भुषा, चालचलन, रितीरिवाज, संस्कार संस्कृति झल्कीने पोशाक, ब्यानर र डेमोहरु सहितको व्यापक उपस्थीती नै लेखनाथ महोत्सवको पहिचान बनेको संयोजक बुद्धिमाया मगर वताउँछिन । महोत्सवमा देखाईने झाँकी र्‍यालीलाई यसपाली अझै व्यवस्थीत बनाईएको छ भने सहभागी हुने विभिन्न संघ संस्था र समुहहरुलाई विगतको भन्दा अझै प्रोत्साहन वढाईएको छ । महिला लक्षीत कार्यक्रममध्येको रत्यौलीलाई आमा/महिला समुहहरुको सुझाव अनुसार परिमार्जित र परिष्कृत समेत गरिएको रत्यौली कार्यक्रमकी संयोजक एवं महिला उद्यमी उप-समितिकी संयोजक गंगा कुमारी मल्लले जानकारी दिईन । महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयां प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक विनोद श्रेष्ठले जानकारी दिए । यहि पुष ५ गतेदेखी १६ गतेसम्म सञ्चालन हुने महोत्सव सम्पन्न गर्नका लागी ९ सदस्यीय निर्देशक समिति, ४१ वटा उप-समिति र १ सय २० सदस्यीय कार्यसम्पादन समिति गठन गरिएको छ ।

हाल शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले वताए । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए ।

**विमालेख हरायो**

साविक गुरांस लाइफ इन्स्योरेन्स क.बाट जारी गरिएका हिमालयन लाइफ इन्स्योरेन्स क.का निम्न लिखित विवरणका विमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

| नाम | विमालेख नं. |
|---|---|
| १) दल बहादुर सुनार | Gli ०६१०००८७५७ |
| २) सर्मिला सुनार | Gli ०६१०००८८३९ |

सम्पर्क
हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड
सभाचोक शाखा, कार्यालय
पोखरा, फोन ०६१ ५७४४५०

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ छापाको चौतारा गाइपानी सडक स्तरउन्नती कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : छापाको चौतारा गाईपानी सडक स्तरउन्नती
**उपभोक्ता समिति**: छापाको चौतारा गाईपानी सडक निर्माण उपभोक्ता समिति, पोखरा-१३, कास्की
**योजना सम्झौता मिति** : २०८०/०६/२२ गते
**योजना सुरु मिति** : २०८०/०६/२३ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०७/३० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०८/२६ गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु ५५,५५६/-
**जम्मा लागत** : रु ५,५५,५५६/-

**मोती बहादुर भुजेल**
अध्यक्ष
**छापाको चौतारा गाईपानी सडक निर्माण उपभोक्ता समिति**
पोखरा-१३, कास्की

# चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
बेनी, २८ मंसिर

म्याग्दी सदरमुकाम बेनीमा बेनी नगरपालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सुरु भएको छ ।

विद्यालय तहमा रहेका खेल प्रतिभाको पहिचान र प्रवर्द्धन गर्न आयोजित प्रतियोगितामा बेनी नगरपालिकाभित्रका विभिन्न २५ विद्यालयले सहभागिता जनाएका छन् । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा भलिबल, मार्सलआर्ट, एथलेटिक्स र कबड्डी विधाका विभिन्न तीन सय ७८ इभेन्टमा विद्यार्थीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा विजेतालाई नगद रु ५१ हजारको साथमा रनिङ शिल्ड, ट्रफी, पदक र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने नगरपालिकाका सामाजिक विकास समितिका संयोजक एवं प्रतियोगिताका संयोजक चक्र केसीले जानकारी दिनुभयो । प्रतियोगितामा दोस्रो र तेस्रो हुने विद्यालयलाई क्रमश : नगद रु ४० हजार र ३० हजारको साथमा ट्रफी, पदक र प्रमाणपत्रद्वारा पुरस्कृत गरिनेछ । प्रतियोगितामा समावेश छात्र भबिलल खेलमा १० र छात्रा भलिबल खेलमा चार विद्यालयले सहभागिता जनाएका छन् । कबड्डी खेलमा छात्र र छात्रातर्फ छ/छ विद्यालय सहभागी रहेको नगरपालिकाले जनाएको छ । एथलेटिक्सतर्फ २५ र करातेमा चार विद्यालयले सहभागिता जनाएका छन् । तेक्वान्दो खेलमा छात्रतर्फ १० र छात्रा चार विद्यालय, उस्सु खेलमा छात्रातर्फ पाँच र छात्रतर्फ चार विद्यालयले सहभागिता जनाएका छन् । यस वर्ष नगरपालिकाले प्रतियोगिता सञ्चालनअघि नै प्रधानाध्यापकको बैठकमार्फत न्यूनतम पाँच विद्यालय सहभागिता नरहेको खेल उपाधिको अङ्क तालिकामा गणना नगर्ने निर्णय गरे बमोजिम प्रतियोगिता सञ्चालन गराउन सुरु गरिएको प्रतियोगिताका संयोजक केसीले बताउनुभयो ।

प्रतियोगिताको उद्धाटन गर्दै प्रतिनिधिसभा सदस्य खमबहादुर गर्वुजाले खेलकुदले विद्यार्थीमा प्रतिस्पर्धी क्षमताको विकास गराउनुको साथै लुकेर रहेको खेल प्रतिभाको पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले बेनीको खुला मञ्चलाई स्तरीय रङ्गशालाको रुपमा विकास गर्न तीन तहकै सरकारबीचमा सहकार्य गरी प्राथमिकतामा राख्न आफ्नोतर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । संविधासभा सदस्य नवराज शर्मा र गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले हरेक वर्ष आयोजना हुने विद्यालयस्तरका प्रतियोगिताले खेलाडीको प्रतिभा पहिचान गरी क्षेत्रीय र राष्ट्रियस्तरमा पुऱ्याउन सहयोगी भूमिका खेल्ने गरेकामा जोड दिनुभयो । नगरप्रमुख सुरत केसीले तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितालाई व्यवस्थित बनाउन आवश्यक तयारीका साथ खेलकुद प्रतियोगिता सञ्चालन हुने जानकारी दिनुभयो । उहाँले प्रतियोगितामा धेरैभन्दा धेरै विद्यालयलाई सहभागी गराउने गरी नगरपालिकाले प्रतियोगिता सञ्चालन गराउने प्रयास गरेको बताउनुभयो । नगरउपप्रमुख ज्योति लामिछानेले खेलकुद गतिविधिमा भलिबलतर्फ छात्रको तुलनामा छात्रामा न्यून विद्यालयले सहभागिता जनाएको बताउँदै विद्यालयले छात्र र छात्राहरुलाई समान अवसर दिनुपर्नेमा जोड दिनुभयो ।

# म्याग्दीमा सुझाव संकलन

**पोखरापत्र संवाददाता**
बेनी, २८ मंसिर

गण्डकी प्रदेश सरकारले तयार गर्न लागेको दोस्रो पञ्चवर्षीय योजनाको लागि म्याग्दीमा सुझाव सङ्कलन गरिएको छ ।

बिहीबार प्रदेश नीति तथा योजना आयोगले सदरमुकाम बेनीमा आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया एवं छलफल कार्यक्रममार्फत जिल्लाका राजनीतिक दल, जनप्रतिनिधिलगायत सरोकारवालाबाट सुझाव सङ्कलन गरिएको हो । आयोगले तयार गरेको पञ्चवर्षीययोजनाकोअवधारणापत्रमाथि म्याग्दीका सरोकारवालाले बजेट निर्माण र योजना छनोट गर्दा स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सुझाव दिएका छन् । पहुँच र शक्तिको आडमा बजेट बाँडफाँट हुने प्रचलनले दुर्गम र पछाडि परेको ठाउँ विकासबाट ओझेलमा पर्ने गरेकाले पञ्चवर्षीय योजनामा दिगो विकास र समानुपातिक विकासको अवधारणालाई आत्मसात गर्न जिल्लाका स्थानीय तहका जनप्रतिनिधिले सुझाव दिएका थिए । जिल्ला समन्वय समितिका उपप्रमुख डिलकुमारी खत्री, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारी, धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्वुजा र मङ्गला गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी क्षेत्रीले जिल्लामा रहेका पर्यटन, जलस्रोत, कृषि, पशुपालन, जडिबुटी खेती लगायतको सम्भावनाको उजागर, विकास र प्रवर्द्धन गर्न सघाउने पक्षलाई पञ्चवर्षीय योजनामा समावेश गर्न आग्रह गर्नुभयो

प्रदेश सरकार
**पर्यटन, उद्योग तथा आपूर्ति मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०८/२९

यस कार्यालयवाट मिति २०७७/०७७/०७८ मा कास्की जिल्ला पोखरा-१९ मा संचालन गर्ने गरी पोखरा-१९, कास्की निवासी सकुन्तला के.सी.को नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १७३०२/०७७/०७८ (४०७८) को सृजनशील लामाचौर खाजा घर नामक फर्मका प्रोप्राईटरले मिति २०८०/०३/३१ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

# जथाभावी फोहर फाल्दा तमानखोला र बडिगाडखोला दुर्गन्धित

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ मंसिर

बागलुङमा जथाभावी फोहर फाल्दा बडिगाडखोला दुर्गन्धित बनेको छ। बुर्तिबाङ–बोङ्गादोभान सडकको तलपट्टि तमानखोला किनार फोहरको ढङ्गुरले भरिएको छ। दैनिक हजारौं यात्रु त्यही फोहरको ढङ्गुरमाथिको सडक हुँदै यात्रा गर्छन्।

दश नमूना सहरमध्येमा पर्ने बागलुङको बुर्तिबाङ बजारमा बस्ती विस्तारसँगै जनघनत्व बढ्दो छ। यही कारणले दैनिक फोहर पनि बढ्दै गएको छ।

बजारबाट निस्कने फोहर ढोरपाटन नगरपालिका–३ बाघखोर स्थित तमानखोलामा फाल्ने गरिएको छ। एक दशक अघि बुर्तिबाङ बजार सानो थियो। फोहर पनि थोरै निस्कन्थ्यो। सबै फोहर स्थानीयले खोला किनारमा फाल्ने गरेका थिए। र त्यही जलाउने गरेका थिए। तर अहिले बजारबाट निस्कने फोहर व्यवस्थापनमा समस्या भएको छ। नगरपालिकाले छ वर्षदेखि तमानखोला किनारमा बुर्तिबाङ बजारको फोहर फाल्दै आएको छ। बजारको फोहर फाल्ने ठाउँ साँघुरो हुँदा त्यो सबै तमानखोलामा पुग्ने गरेको छ। खोलाले बगाएर फोहर पुनः बजारसम्म पुऱ्याउँछ। फोहरले तमानखोला प्रदुषित बनेको छ। तमानखोला भएर बगेको फोहर बुर्तिबाङ बजार हुँदै भूजीखोला र सेराफेदीमा आएर निसीखोलामा मिसिएर बडिगाडमा बग्ने गरेको छ। देशकै नमूना सहर भनिए पनि फोहर व्यवस्थापनमा नगरपालिका र नयाँ सहर आयोजना चुकेको छ। आर्थिक वर्ष २०६७/६८ मा नयाँ सहर घोषणा गरेर कामको थालनी गरे पनि अहिलेसम्म बुर्तिबाङ फोहर व्यवस्थापनका लागि पूर्वाधार निर्माण हुन सकेका छैनन्।

खोलामा बग्ने फोहरका कारण जलचर जीवलाई असर पुगेको छ। फोहरकै कारण बडिगाड खोलामा माछा पाउने क्रम घट्दै गएको जलारीहरू बताउँछन्। हाल फोहर व्यवस्थापन गरेको बाघखोर तमानखोला गाउँपालिका र ढोरपाटन नगरपालिका–३ र ४ को विभिन्न गाउँमा पुग्ने सडक छेउमै पर्छ। सडक छेउमा रहेको 'डम्पिङसाइड' का कारण यात्रुलाई समस्या भएको छ। बुर्तिबाङ बजारको फोहर नगरपालिकाको गाडीले दैनिक यही ल्याएर फ्याक्ने गर्छ। कुहिने तथा नकुहिने सबै फोहर एकै ठाउँ फालिँदै आइएको छ। खोला छेउमा फोहर व्यवस्थापन अव्यवस्थित रहेको ढोरपाटन–३ का मीनबहादुर घर्तीले बताउनुभयो। बजारबाटै गाडीले फोहर सडक भरी खसाल्दै ल्याउने र जथाभावीरुपमा फाल्दा त्यसको गन्धले समस्या भएको उहाँको भनाइ छ। वर्षौंदेखि बजारको फोहर व्यवस्थापनमा नयाँ सहर आयोजना र नगरपालिकाले चासो नदिँदा बाघखोर क्षेत्र र अन्य खोला प्रदुषित बन्दै गएका घर्ती बताउनुहुन्छ। हिउँदमा दुर्गन्ध कम भए पनि बर्खाको समय फोहरको गन्धले यात्रा गर्नै कठिन हुने उहाँको भनाइ छ।

बुर्तिबाङ बजारमा घर थपिने क्रम बढ्दो छ। जनघनत्व बढ्दै गएको छ। तर बजारको फोहर व्यवस्थापन भने हुन सकेको छैन। सबै फोहर खोलाले बगाएर जताततै पुऱ्याउँछ। ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फोहर व्यवस्थापनका लागि जग्गा नपाउँदा समस्या भएको बताउनुभयो। आयोजना कार्यालयसँग सहकार्य गरेर जग्गा खोज्ने काम भइरहेको उहाँको भनाइ छ। जग्गा व्यवस्थापन हुनासाथ बजारको फोहर व्यवस्थान हुने उपप्रमुख कायतको विश्वास छ।

# कोरियाबाट फर्केपछि स्वदेशमा कागती खेतीमा रमाउँदै तनहुँका राजु रेग्मी

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ मंसिर

पैसा कमाउन बिदेशिने क्रम बढ्दै गएको अवस्थामा तनहुँका एक युवक कोरियाबाट फर्केपछि पुनः त्यहाँ जानुको साटो यहीँ कागती खेतीमा रमेका छन्।

नौ वर्षसम्म कोरियामा रहनुभएका व्यास नगरपालिका–१३ आसपानीका राजु रेग्मी स्वदेश फर्किएर व्यावसायिक कागती खेतीतर्फ लाग्नुभएको हो। मासिक रु तीन लाखको नोकरी छाडेर कृषि पेसा अंगाल्नु भएको उहाँले वैदेशिक रोजगारीमा विदेशिने युवायुवतीका लागि यहीँ नै लगनशिल भएर काम गरे प्रशस्त आम्दानी गर्न सकिने उद्धारण प्रस्तुत गर्नुभएको छ। स्वदेशमा बसेर पनि केही उद्यम गर्न सकिन्छ भन्ने सोचले कोरियाको राम्रो आम्दानी छाडेर घर फर्किएको रेग्मी बताउनुहुन्छ। पुख्यौली घर स्याङ्जाबाट विसं २०७३ मा रेग्मीका परिवारतनहुँमाबसाईसराईगरिआएको थियो। बसाईसराई गरेर आएको केही वर्षपछि व्यावसायिकरूपले कागती खेती सुरुवात गरिएको उहाँकी पत्नी सिर्जना कोइराला जानकारी दिनुहन्छ। कागती खेतीबाट बर्सेनी उत्पादन वृद्धि हुँदै गएपछि थप हौसला मिलेको उहाँ बताउनुहुन्छ।"कागतीका बिरुवा आफूले हुर्काएपनि उत्पादन लिने वर्षदेखि पति विदेशबाट फर्किएर यो पेसा सम्हाल्दै आउनुभएको छ, सिर्जना भन्नुहुन्छ, "घरपरिवार सबैको साथ र सहयोग पाएपछि अहिले खेती गर्न र रेखदेख गर्न सहज भएको छ।" विसं २०७८ मा रु चार लाख, २०७९ मा रु सात लाख र २०८० मा रु पन्ध्र लाखको कागती बिक्री गरिसकेको रेग्मी परिवार बताउँछन्।

यसवर्ष गत बैशाख र जेठ महिनामा हावाहुरीसहितको असिनाले क्षति नबनाएको भए करिब रु बीस लाख बराबरको कागती बिक्री हुने लक्ष्य उहाँहरूको थियो। करिब २६ रोपनी जमिनमा एक हजार सुन कागतीको बिरुवा लगाइएकामा अहिले छ/सात सय बिरुवाले उत्पादन दिन थालेको छ। आउँदो वर्ष अन्य बाँकी बिरुवाले पनि उत्पादन दिने हुँदा उत्पादन राम्रो हुने विश्वास गरिएको छ। कृषि ज्ञान केन्द्रले अनुदानमा कागतीका बिरुवा उपलब्ध गराएको थियो। आफूहरुलाई व्यावसायिक कृषि पेसामा लाग्न उत्प्रेरण दिनुहुने तत्कालीन वरिष्ठ कृषि विकास अधिकृत कूलप्रसाद तिवारीको ठूलो योगदान रहेको किसान सिर्जना स्मरण गर्नुहुन्छ। कागतीका बिरुवा छाँटकाँटदेखि रोगको उपचार र बजारीकरणका लागि वरिष्ठ कृषि विकास अधिकृत तिवारीको गुन कहिल्यै भुल्न नसकिने उहाँ बताउनुहुन्छ।

पछिल्ला समय जिल्लामा कागती खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ। हाल जिल्लामा दुई सय त्रिसट्ठी हेक्टर जमिनमा कागती खेती हुँदै आएको छ भने दुई सय एक्काइस हेक्टर जमिनमा बिरुवाले उत्पादन दिन सुरु गरेको छ। आर्थिक वर्ष २०७९/८० मा एक हजार पाँच सय पच्चीस मेट्रिकटन कागती उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियार जानकारी दिनुहुन्छ।

उत्पादन गरिएका कागती बिक्रीका लागि बजारको लागि कुनै समस्या नरहेकाले उत्साहित भएर उत्पादनतर्फ लागेको सिर्जना बताउनुहुन्छ। उत्पादित कागती पोखरा,चितवनलगायत बजारमा लगेर बिक्री गर्ने गरिएको छ। प्रतिकिलो रु एक सयदेखि रु एक सय पचाससम्म कागती बिक्री हुने गरेको छ। कतिपय व्यवसायी फार्ममै आएर कागती लिएर जाने गरेका छन्। कागती खेतीका लागि गाईको मल उपयुक्त हुने बताइन्छ।

कागतीबाट आम्दानी लिन जति सजिलो छ तर हुर्काउन त्यति नै कठिनाइ हुने रेग्मी परिवार बताउँछन्। ।सानोतिनो मेहनत र परिश्रमले कागती खेती हुँदैन, सिर्जना भन्नुहुन्छ, "सफलता हासिल गर्न उत्तिकै रुपमा खट्नु पनि पर्छ।"सुरुमा उक्त जग्गामा सुन्तला खेती गर्ने सोच भए पनि कागती खेतीका लागि हावापानी र माटो सुहाउदो भएकाले यसैतर्फ आकर्षित भएका हौं,उहाँ भन्नुहुन्छ, "कागती फागुन र चैत महिनादेखि फूल्न सुरु गरी जेठ महिनादेखि उत्पादनका लागि तयारी हुने किसान रेग्मी बताउनुहुन्छ। बाँदरले नखाने र चोरी पनि खासै नहुने भएकाले पछिल्ला समय कागती खेतीतर्फ आकर्षण बढ्दै गएको सम्बद्ध किसान बताउँछन्।

# दोसल्लेमा बिजुलीको नाङ्गो तार हटाउन थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ मंसिर

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ दोसल्लेमा सुन्तलाका बगैँचाभित्र रहेको विद्युत् वितरण लाइनको नाङ्गो तार हटाउन थालिएको छ। सुन्तलाको बगैँचाभित्र रहेको विद्युत्को नाङ्गो तारका कारण दुर्घटनाको जोखिम बढेको थियो।

नाङ्गो तारका कारण किसान बगैँचामा पस्न डराउने गरेका थिए। नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रले सुन्तला बगैँचाभित्र रहेको नाङ्गो तार हटाउन थालेको दोसल्लेका बासिन्दासमेत रहनुभएका अन्नपूर्ण गाउँपालिकाका पूर्वउपाध्यक्ष केशमाया मगरले जानकारी दिनुभयो। उहाँका अनुसार नाङ्गो तार हटाएर राखिने एबिसी केबुल तारसहित मजदुर र प्राविधिकको टोली बुधबार दोसल्ले पुगेको छ। "सुन्तलाको हाँगाले नाङ्गो तार छोएकाले बगैँचाभित्र पस्न जोखिम थियो", उहाँले भन्नुभयो। नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रमार्फत तत्कालै तार हटाउने काम सुरु भएको हो। प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख प्रताप बरालले दोसल्लेमा एक किलोमिटरभन्दा बढी वितरण लाइनको नाङ्गो तार हटाएर एबिसी केबुल राख्न थालिएको बताउनुभयो। बयालिस परिवार बस्दै आएको दोसल्लेमा पूरै गाउँमा सुन्तलाखेती गरिएको छ। नौ हजार सुन्तलाका बोट भएको बगैँचाको बीचमा रहेको ११ केभी क्षमताको वितरण लाइनको नाङ्गो तारले हाँगा छुन थालेको थियो। "सुन्तलाको बोटले बिजुलीको वितरण लाइनको तार छोएकाले बगैँचामा जाँदा करेन्टको भट्का आउँछ", दोसल्ले व्यावसायिक सुन्तला कृषक समूहका अध्यक्ष प्रेम पाइजाले भन्नुभयो, "तारमा छोइएर सुन्तलाका बोट मर्न थालेका छन्। रहेका बोटका सुन्तलाको दाना टिप्न, गोडमेल र मलजलका लागि बगैँचामा पस्न डर छ।" सुन्तलाको बोट हुर्कँदै गएपछि हाँगाले नाङ्गो तार छोएर जोखिम बढेको हो। चार सय भोल्टको विद्युत् प्रवाह हुने नाङ्गो तारले छोइएर सुन्तलाका बोट मर्न थालेका छन्। गोडमेल गर्दा र सुन्तलाको फल टिप्दा करेन्ट लाग्ने जोखिम रहेको स्थानीय बेगबहादुर पाइजाले बताउनुभयो। स्थानीयवासीले विद्युतीय दुर्घटनाको जोखिम न्यूनीकरणका लागि नाङ्गो तार हटाएर एबिसी केबुल भएको कालो तार जडान गर्ने व्यवस्था गर्न माग गर्दैआएका थिए। अन्नपूर्णको दोवा, बेनी नगरपालिकाको बास्कुनालगायत ठाउँमा बस्ती र बगैँचामाथि रहेको विद्युतको तार व्यवस्थापन गर्न आवश्यक रहेको स्थानीयले बताएका छन्।

# तनहुँमा 'बाँझो जमिनमा घाँस खेती प्रवर्द्धन कार्यक्रम'

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ मंसिर

तनहुँमा कृषि र पशुपालन घट्न थालेपछि गण्डकी प्रदेश सरकारले यसलाई प्रोत्साहन गर्ने उद्देश्यले 'बाँझो जमिनमा घाँस खेती प्रवर्द्धन कार्यक्रम' अगाडि बढाइएको छ।

खेतीयोग्य जमिन बाँझिन थालेपछि यस्ता जमिनको उपयोग गर्दै आयआर्जनसँग जोड्न लागिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख राजेशकुमार चौधरीले बताउनुभयो।

चौधरीका अनुसार प्रदेश सरकारले बाँझो जमिनलाई उपयोगमा ल्याउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बाँझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन मापदण्ड, २०८० पारित गरी कार्यान्वयनतर्फ अघि बढाएको हो। युवाहरु वैदेशिक रोजगारीमा आकर्षित हुँदा गाउँ युवाविहीन हुने अवस्था आएपछि खेतीपाती र पशुपालनमा जनशक्ति अभाव भएकाले यो कार्यक्रम ल्याइएको प्रमुख चौधरीको भनाइ छ। साथै बाँदर आतङ्कका कारण पनि खेतीयोग्य जमिन बाँझिने क्रम बढेपछि पशुपालनमा प्रोत्साहन गर्न कार्यक्रमले टेवा पुग्ने अपेक्षा गरिएको छ।

बाँझो जमिनमा घाँसखेती गर्नेलाई प्रतिरोपनी रु तीन हजार अनुदानको व्यवस्था गरिएको छ। तीन वर्षसम्म उपयोग नभएको खेतीयोग्य भूमिलाई अनुदानको व्यवस्था गरी कृषि र पशुपालनतर्फ प्रोत्साहन गरिएको केन्द्रका प्रमुख डा चौधरीले जानकारी दिनुभयो। अनुदानका लागि कार्यालयले तोकेका घाँसका बिरुवा लगाउनुपर्ने प्रावधान निर्धारण गरिएको केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार नेपिएर, मठ नेपिएर, सुपर नेपिएर, रेड नेपिएरलगायतका उन्नत जातका डाले घाँस लगाउनुपर्ने हुन्छ। खेतीयोग्य जमिनको सदुपयोग हुने र पशुचौपायका लागि दाना खर्च घटाउने लक्ष्यका साथ प्रदेश सरकारको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा छ सय २० रोपनी जमिनमा घाँसखेती गर्नका लागि रु १८ लाख ६० हजार बजेट विनियोजन भएको उहाँले जानकारी दिनुभयो। व्यावसायिक कृषक, समूह तथा सहकारीमार्फत पालिकाको समन्वयमा प्रस्ताव सङ्कलनको काम गरिरहेको ठकुरीले बताउनुभयो। पशुपालक कृषकसँग सहकार्य गरी घाँस बिक्री गर्न सकिने केन्द्रले जनाएको छ। घाँसखेती प्रवर्द्धन भएपछि किसानले पराल प्रतिकिलो रु १५ मा किन्नु परेको तर घाँस भने रु पाँचमा बिक्री गर्न सकिने केन्द्रले जनाएको छ। केन्द्रका अनुसार अन्नबाली खेती गर्दा बाँदरले क्षति पुऱ्याउने, तुलनात्मक रूपमा आम्दानी कम हुने भएकाले युवा कृषि पेसाबाट विमुख हुन थालेका छन्।

खेतीमा लगानीअनुसार मुनाफा नहुँदा पेसाबाट पलायन हुने अवस्था सिर्जना भएको केन्द्रको अनुमान छ। जसले गर्दा पशुपालनबाट खेतीभन्दा बढी नाफा लिने गरी घाँस खेतीमार्फत पशुपालन बढाउन बाँझो जमिनमा घाँस खेती कार्यक्रम ल्याइएको जनाएको छ। घाँसको बिरुवा केन्द्रले आफैं उत्पादन गरिरहेको र केन्द्रबाट उत्पादित बिरुवा अपुग भएमा निजी फर्मबाट खरिद गरी व्यावसायिक किसानलाई उपलब्ध गराउने डा चौधरीले बताउनुभयो।

कृषि ज्ञान केन्द्र तनहुँका अनुसार जिल्लामा ६५ हजार ६१ हेक्टर खेतीयोग्य जमिनमध्ये हाल ५१ हजार पाँच सय १० हेक्टर जमिनमा खेती गरिदै आएको छ। जिल्लाको १३ हजार पाँच सय ६३ हेक्टर खेतीयोग्य जमिन बाँझो छ।

# राष्ट्रिय स्वतन्त्र पाटी पोखरा १० मा थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

राष्ट्रिय स्वतन्त्र पाटीले बिहिवारदेखि सुरु गरेको वडा अधिवेशन अन्तरगत पोखरा महानगरपालिका वडा नं १० को प्रथम वडाअधिवेशनले चन्द्र बहादुर थापालाई सभापतिमा चयन गरेको छ।

राष्ट्रिय स्वतन्त्र पाटीका सभापति रवि लामिछानेले भर्चोलको माध्यमबाट सातै प्रदेशमा वडा अधिवेशनको सुभारम्भ गरे पश्चात गण्डकी प्रदेश अन्तरगतको पोखरा महानगरपालिका वडा नं १० को वडा अधिवेशले थापालाई सर्वसम्वत रुपमा सभापतिमा चयन गरेको हो।

नवगठित समितिको सचिवमा सुर्यमणि धितालालाई चयन गरेको छ भने सदस्यहरुमा निलम कुमार गौतम,अस्मिता थापा,मिन बहादुर गुरुङ,कविता घर्ती क्षेत्री,सिता कुमारी चापागाई,चन्द्र बहादुर नेपाली,ववित मिजार र रुपकला



गुरुङलाई चयन गरेको हो।

यसअघि कार्यक्रममा वोल्दै राष्ट्रिय स्वतन्त्र पाटीका प्रमुख सचेतक सन्तोष परियारले देश बनाउने अभियानमा सवै वर्ग र समुदायलाई समेटेर संगठन निर्माण गर्ने जुन उदेस्य छ त्यो उदेस्य प्राप्तीका लागि सामाजिक न्याय सहितको समाज निर्माणका लागि संगठित भएर पाटीले अगाडी सारेका योजनालाई तल्लो तहसम्म पुऱ्याउनु पर्नेमा जोड दिएका थिए। यसैगरि केन्द्रिय सदस्य तथा सभासद शिव नेपालीले अनुशासनमा रहेर देश बनाउने सपनालाई साकार पार्नु नै पाटीको मुख्य निती रहेको विचार राखेका थिए भने गण्डकी प्रदेशका सभापति राजन गौतमले सवै विचारलाई समेटेर पाटीले बहुलवादको शिध्यान्तलाई आत्मसाथ गरेकोले सोही अनुसार अगाडी वढ्न सवैलाई अनुरोध गरेका थिए।

पोखरा महानगरपालिका वडा नं १० तदर्थ समितिका सभापति चन्द्र बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव सुर्यमणि धितालले गरेको थिए।


## सिलवन्दि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/२८ गते

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय पोखरा–९, कास्कीको नँया कार्यालयको** डेकोरेशन निर्माण कार्यको लागि योग्य दर्ता फर्म/कम्पनी/ठेकेदार/आपुर्तिकर्ताहरूबाट सिलवन्दि बोलपत्र आव्हान गरिएको छ।

**नियम तथा सर्तहरू:**

१. कार्यालयको आवश्यकता अनुसार लागू हुने कामहरूमा मुख्यतया सिभिल वर्क, फर्निचर वर्क, एयर कन्डिसन वर्क, मेटल वर्क, इलेक्ट्रिफिकेशन/कम्युनिकेशन वर्क, सेनेटरी/प्लम्बिङ वर्क, एयर कन्डिसनर वर्क आदि समावेश गरिएकोछ।
२. निर्माण कार्य संस्थाले उपलब्ध गराएको इन्टेरियर आर्किटेक र नक्सा बमोजिम हुनेछ।
३. बोलपत्र कागजातहरू फिर्ता नहुने गरि शुल्क रु. ५०००/- (नेपाली रुपैयाँ पाँच हजार मात्र) तिरेर खरिद गर्न सकिनेछ र उक्त शुल्क जम्मा गरेको सक्कल नगद भौचर बोलपत्र फारमका साथ पेश गर्नुपर्नेछ।
४. फर्म/कम्पनी दर्ता, PAN/VAT, कर क्लियरेन्स प्रमाणपत्र आदिको नवीकरण प्रतिलिपिहरू सहित बोलपत्र कागजातहरू पेश गर्नुपर्नेछ।
५. सम्पूर्ण बिडिङ कागजातहरू तथा प्रमाणपत्रहरूका सवै पृष्ठहरूमा स्वयं प्रमाणित गर्नु पर्नेछ।
६. बोलपत्र पेश गर्ने व्यक्ति फरक भएमा वा कम्पनीको तर्फबाट प्रतिनिधि खटिएको खण्डमा उक्त व्यक्तिलाई कम्पनीको आधिकारिक पत्र सहित निर्णय र अख्तियारी प्रदान गरेको कागजातको साथ पेश गर्नुपर्नेछ।
७. आवश्यक कागजातहरू पेश नभएको पाइएमा र माथि उल्लेखित अनिवार्य आवश्यक कागजातहरू नभएका प्रस्तावहरू अयोग्य हुनेछन्।
८. बोलपत्र कागजात ४ पौष २०८० दिनको ३ बजे भित्र सहकारी संस्थाको कार्यालय पोखरा–९ मा पेश गर्नुपर्नेछ।
९. बोलपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेको खण्डमा पेश गर्ने अन्तिम मितिको अर्को कार्य दिनमा पेश गर्न सकिनेछ। म्याद पछि प्राप्त कागजातहरू स्वीकार गरिने छैन।
१०. सहकारी तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा ५ पौष २०८०, बिहान ११:०० बजे बोलपत्र कागजात खोलिनेछ। तर, बोलपत्र कागजात खोल्नका लागि बोलपत्र दाताका प्रतिनिधिहरू नभएमा पनि बोलपत्र खोल्न संस्थालाई कुनै बाधा पर्ने छैन्।
११. कुनै कारण नजनाई कुनै वा सबै बोलपत्रहरूलाई पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार सहकारी संस्थासंग सुरक्षित हुनेछ।

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.**
**Sanchar Saving & Credit Co-Operative Society Ltd.**
Pokhara-9, Newroad, Tel.: 061-577166, Email: sancharsaving55@gmail.com